# गण्डकी प्रदेश सभा
# दशौं अधिवेशन
# बैठक संख्या -२२
# सूचनापत्र — २
# (बैठकको कारवाहीको संक्षिप्त विवरण)

**मितिः २०८३ साल आषाढ २५ गते बिहिबार**

---

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा दिनको ९:१७ बजे प्रारम्भ भयो।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो | शुन्य समयमा माननीय कल्पना तिवारी, माननीय कुसुम बुढा पुन, माननीय जितप्रकाश आलेमगर, माननीय दमयन्ती रुचाल, माननीय देवका पहारी त्रिपाठी, माननीय नन्दकला दमै नेपाली, माननीय प्रकाश बराल, माननीय विन्दु पौडेल र माननीय श्यामराजा महतले समसामायिक बिषयमा आ-आफ्नो मन्तव्य राख्नुभयो |

तत्पश्चात उद्योग तथा पर्यटन मन्त्रालयका माननीय मन्त्री श्री यशोदा रिमालले अर्थ तथा विकास समितिको प्रतिवेदन सहितको **"औषधिजन्य तथा औद्योगिक प्रयोजनको लागि गाँजा खेतीलाई नियमन र उपयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि छलफल गरियोस् भनि प्रस्ताव पेस गर्नुभएकोमा उक्त प्रस्तावलाई सभाले सर्वसम्मतिले स्वीकृत गर्यो |

तत्पश्चात माननीय सभामुखले अर्थ तथा विकास समितिको प्रतिवेदन सहितको **"औषधिजन्य तथा औद्योगिक प्रयोजनको लागि गाँजा खेतीलाई नियमन र उपयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको दफावार छलफल प्रारम्भ गर्नुभयो | उक्त छलफलमा माननीय अशोककुमार श्रेष्ठ, माननीय गणेशमान गुरुङ, माननीय सुशिला सिंखडा र माननीय बिन्दु पौडेलले भाग लिनुभयो |

तत्पश्चात उद्योग तथा पर्यटन मन्त्रालयका माननीय मन्त्री श्री यशोदा रिमालले **"औषधिजन्य तथा औद्योगिक प्रयोजनको लागि गाँजा खेतीलाई नियमन र उपयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो |

तत्पश्चात माननीय सभामुखले **"औषधिजन्य तथा औद्योगिक प्रयोजनको लागि गाँजा खेतीलाई नियमन र उपयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** लाई पारित गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त बिधेयक सभाबाट सर्वसम्मतिले पारित भयो |

तत्पश्चात माननीय सभामुखले अर्को सुचना भएपछी बस्ने गरी आजको बैठक बिहान १०:१९ बजे स्थगित गर्नुभयो।

.................

**(गोविन्द पौडेल)**

**प्रदेश सभा सचिव**